# कर बुलेटिन

**Tax Bulletin**

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ६, अङ्क १०, २०७५ माघ    Year 6, Issue 10, Jan-Feb 2019

## राजस्व संकलनमा २१.३८ प्रतिशतको वृद्धिदर



आर्थिक वर्ष २०७५।७६ को लागि विभागलाई रु. ४०४ अर्व २२ करोडको लक्ष्य प्राप्त भएको छ । उक्त लक्ष्य मध्ये साउनदेखि माघसम्म ७ महिना अवधिको लागि रु. २०८ अर्व ८८ करोड लक्ष्य रहेकोमा रु. १८४ अर्व ८४ करोड संकलन भई लक्ष्यको तुलनामा ८८.४९ प्रतिशत संकलन भएको छ। यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु. ३२ अर्व ५५ करोड अर्थात २१.३८ प्रतिशतले बढी हो ।

बाँकी पृष्ठ ५ मा

## सचिव (राजस्व) द्वारा अनुगमन तथा निर्देशन



सचिव (राजस्व) लालशंकर घिमिरेले मिति २०७५ माघ ४ गते विभागको अनुगमन गर्नुभई आवश्यक निर्देशन दिनु भयो । विभागका महानिर्देशक, उपमहानिर्देशकहरु, प्रमुख कर प्रशासकहरु, उपत्यका भित्रका आन्तरिक राजस्व कार्यालयका कार्यालय प्रमुखहरु, निर्देशकहरु, प्रमुख कर अधिकृतहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा समग्र विभागको अर्ध बार्षिक समीक्षा सहितको प्रस्तुतीकरण गरिएको थियो। कार्यक्रममा निर्देशन दिनुहुँदै सचिव घिमिरेले क्षेत्रगत एवम् समूहगत रुपमा करदाताहरुको कारोबार तथा कर सहभागिता सम्बन्धमा सुक्ष्म अध्ययन तथा विश्लेषण गर्न आग्रह गर्नुभयो । करदाता दर्ता, कर विवरण संकलन, ननफाईलर न्यूनीकरण, आयकर तथा मूल्य अभिवृद्धि करको कर सहभागिता वृद्धि गरी डेविट विवरण बृद्धि, क्रेडिट विवरण र शून्य विवरणको संख्या न्युनीकरण गर्नेतर्फ सार्थक पहल

बाँकी पृष्ठ ३ मा....

### यसभित्र

कर परीक्षण तथा अनुसन्धानको अप्रत्यक्ष विधि सम्बन्धी तालिम सम्पन्न — पृष्ठ ४

मध्यमस्तरीय करदाता कार्यालयद्वारा करदाता शिक्षा संचालन — पृष्ठ ६

कार्यालय परिचय: आन्तरिक राजस्व कार्यालय ललितपुर- २ — पृष्ठ ७

# महानिर्देशकको सन्देश



**आय आर्जन गर्ने सम्पूर्ण व्यक्ति तथा संस्थाहरूलाई करको दायरामा ल्याउने, आयकर तथा मूल्य अभिवृद्धि करको कर सहभागिता वृद्धि गर्दै क्रेडिट विवरण, शुन्य विवरण तथा नन् फाईलर घटाउन तर्फ सार्थक पहल गर्न सकेमा मात्र कार्यालय तथा समग्र विभागको उद्देश्य हासिल हुने हुनाले यसतर्फ विशेष क्रियाशील हुनका लागि सबै अधिकृत कर्मचारीहरूलाई निर्देश गर्दछु ।**

हामी आर्थिक वर्ष २०७५/०७६ को पहिलो सात महिना पूरा गरी आठौं महिनामा प्रवेश गरेका छौं। यस अवधिमा हामीले राजस्व संकलनमा विगत वर्षको सोही अवधिको तुलनामा २१ प्रतिशतको वृद्धि हासिल गर्न सफल भएका छौं । राजस्व संकलनको बृद्धि दर सकारात्मक भएतापनि लक्षित रुपमा राजस्व संकलनको प्रगति हासिल हुन नसकेको हुनाले हामीले विशेष रणनीतिका साथ अगाडि बढ्नुपर्ने आवश्यकता छ। यसका लागि कर परिवारका सबैले सक्रियतापूर्वक दत्तचित्त भई आ-आफ्नो जिम्मेवारी पूरा गर्नु हुनेछ भन्ने मैले विश्वास लिएको छु।

विज्ञान प्रविधिको द्रुततर विकास तथा सूचना प्रविधिको सुलभताका कारण व्यापार व्यवसायका क्षेत्रमा नयाँ नयाँ प्रयोग तथा तिनको अनुगमनमा विभिन्न जटिलताहरु देखा परिरहेका छन् । विभागले पनि सूचना प्रविधिको अधिकतम् उपयोग गर्दै करदाताहरुको आयकर, मूल्य अभिवृद्धि कर एवं अन्त शुल्कको विवरण विद्युतीय माध्यमबाट प्राप्त गर्नुका साथै कर संकलन (भुक्तानी) गर्ने कार्य समेत विद्युतीय माध्यमबाट प्राप्त गर्ने कार्यको थालनी गरेको छ। यसको अलावा ठूलो कारोबार गर्ने केही करदाताको कारोबारको तत् समय (Real Time) मा केन्द्रिय बिजक अनुगमन प्रणाली (Central Billing Monitoring System,CBMS) मार्फत विभागको सूचना सञ्जालमा जोड्ने काम भएको छ । यिनै विकास र सुधारका प्रयासले सूचना प्रविधिको उपयोगमा मुलुककै अग्रणी संस्थाको रुपमा आफूलाई स्थापित गराउन सफल भएको यस विभागले करदाताका सवै किसिमका सूचनामा पहुंच कायम गरी तथ्य र सूचनामा आधारित भएर कर निर्धारण तथा अनुसन्धानका कार्यहरु गुणस्तरीय रुपमा सम्पादन गर्नु परेको छ । आय आर्जन गर्ने सम्पूर्ण व्यक्ति तथा संस्थाहरुलाई करको दायरामा ल्याउने, आयकर तथा मूल्य अभिवृद्धि करको कर सहभागिता वृद्धि गर्दै क्रेडिट विवरण, शुन्य विवरण तथा नन् फाईलर घटाउनतर्फ सार्थक पहल गर्न सकेमा मात्र कार्यालय तथा समग्र विभागको उद्देश्य हासिल हुने हुनाले यसतर्फ विशेष क्रियाशील हुनका लागि सबै अधिकृत कर्मचारीलाई निर्देश गर्दछु।

आर्थिक गतिविधिमा भएको विस्तार र कारोबारको प्रकृतिमा भएको विविधिकरणले गर्दा कर प्रशासनमा विभिन्न चुनौतिहरु थप भएका छन् । त्यस्ता चुनौतिहरुको सामना गर्नका लागि कर प्रशासनमा आवद्ध जनशक्तिहरु सक्षम, जुझारु तथा अध्ययनशील हुनु अत्यन्तै आवश्यक छ। कुनै पनि संगठनको कार्यक्षमता त्यहाँ कार्यरत कर्मचारीको कार्यकुशलता र कार्य दक्षतामा निर्भर रहन्छ । कर्मचारीहरुको दक्षता, सीप र अवधारणामा सकारात्मक अभिवृद्धि ल्याउने अभिप्रायले आवश्यकतामा आधारित तालिमहरु निरन्तर रुपमा प्रदान गर्न विभाग सदैव अग्रसर रहेको छ। यसै अनुरुप विभिन्न प्रकारका विषयगत तालिम आयोजना गरिरहेका छौं। तालिमबाट प्राप्त ज्ञान तथा सीपलाई आफ्नो कार्यक्षेत्रमा लागू गर्दै गुणस्तरीय कार्य सम्पादनको माध्यमबाट विभागको कार्य प्रगतिमा सकारात्मक योगदान पुऱ्याउन सम्बन्धित सबैमा विशेष आग्रह गर्दछु।

कर कानूनको कार्यान्वयन गर्दा गराउँदा सेवाग्राहीसँग हार्दिकता, पारदर्शिता, स्पष्टता तथा सदाचारिता प्रदर्शन गर्ने र अनियमितता भएको पाईएमा कानून बमोजिम कडा भन्दा कडा कारबाही गर्न समेत तत्पर रहँदै आफ्नो पेशामा सदैव व्यावसायिकता (Professionalism) को विकास गर्न सम्पूर्ण कर्मचारीहरुलाई अभिप्रेरित गर्दछु।

धन्यवाद !!

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७५, माघ**



## सचिव राजस्व....

गर्नु पर्ने कुरामा जोड दिदैं PAN for All भन्ने कार्यनीति तर्जुमा गरी व्यवसायिक, व्यक्तिगत तथा स्रोतमा कर कट्टी गर्ने निकायका रुपमा सबै निजी, गैरसरकारी तथा सरकारी निकायहरुलाई स्थायी लेखा नम्बर जारी गर्ने कार्यलाई अभियानको रुपमा संचालन गर्न समेत निर्देशन दिनुभयो । यस्तै कर परीक्षण तथा अनुसन्धानको कार्यचाप बढी भएतापनि त्यसबाट उपलब्धी कम भएको सन्दर्भमा कार्यालयका सबैले कार्यशैली परिवर्तन गर्नुपर्ने र सम्भाव्य क्षेत्रको पहिचान गरी सोमा केन्द्रित हुन समेत निर्देशन दिनुभयो । सबैलाई आचार संहिताको अक्षरश: पालना गर्दै सदाचार, नैतिकता, पारदर्शिता एवम् जवाफदेहिताका साथ कार्यसम्पादन गर्न समेत निर्देशन दिनुहुदै आगामी दिनमा कार्यसम्पादनको स्तर बढ्ने र कार्यसम्पादन संस्कृतिको सुधारको अपेक्षा गर्नुभयो ।

उक्त कार्यक्रममा महानिर्देशक विष्णुप्रसाद नेपालले आर्थिक वर्ष शुरु भएयता विभिन्न कार्यालय स्थापना तथा स्तरोन्नती, फाईल व्यवस्थापन, करदाता शिक्षा लगायतका कामहरु पश्चात: विभाग अब मूख्य Business मा प्रवेश गरेको उल्लेख गर्नु भयो। आगामी दिनमा बजार अनुगमनका कामलाई तिव्रता दिईने, सूचना र तथ्यका आधारमा अनुसन्धानलाई प्राथमिकता दिई राजस्व जोखिम पहिचान तथा न्यूनीकरणमा सार्थक पहल गरिने बताउनुहुँदै महानिर्देशक नेपालले विगतका तुलनामा यस वर्ष विभागलाई प्राप्त समग्र राजस्व असूलीको लक्ष्य उच्च भएतापनि लक्ष्य प्रप्तिका लागि हर सम्भव प्रयास गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

### आन्तरिक राजस्व कार्यालय, ललितपुर-२ स्थापना सम्वन्धी जरुरी सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५।०३।२० को निर्णय अनुसार खुलेको आन्तरिक राजस्व कार्यालय ललितपुर-२ मिति २०७५ माघ १ गतेदेखि ललितपुर जिल्लाको लगनखेलमा रहेको संचयकोष भवनको पांचौं तल्लामा स्थापना भई संचालनमा आएकोले देहाय बमोजिमको कार्यक्षेत्र भित्र पर्ने करदाताहरूले करसंग सम्बन्धित सबै सेवाहरू उक्त कार्यालयवाट लिन हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्षेत्र**

ललितपुर महानगरपालिका वडा नं.६, ७, ८, ९, १२, १४, १५, १६, १७, २३, २४, २६, २७, २८, र २९ तथा गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका, कोन्ज्योसोम गांउपालिका, बागमती गांउपालिका र महांकाल गांउपालिका ।

# कर परीक्षण तथा अनुसन्धानको अप्रत्यक्ष विधि सम्बन्धी तालिम सम्पन्न



कर परीक्षण तथा अनुसन्धानको अप्रत्यक्ष विधि सम्बन्धी तालिम २०७५ माघ ९ देखि १३ गते सम्म ४ चार दिन संचालन गरिएको छ । सैद्धान्तिक तथा प्रयोगात्मक प्रशिक्षणका माध्यमद्वारा कर परीक्षण तथा अनुसन्धानका क्रममा देखा परेका समस्या तथा द्विविधालाई न्यूनीकरण गर्ने उद्देश्यले संचालन गरिएको उक्त तालिममा उपत्यका भित्रका आन्तरिक राजस्व कार्यालयहरुको ३९ (उनान्चालीस) जना कर अधिकृतहरुको सहभागिता रहेको थियो । कर चुहावट न्यूनिकरण गर्दै सही करारोपण र प्रदर्शनात्मक प्रभाव श्रृजना गरी स्वेच्छिक कर सहभागितामा अभिवृद्धि गर्नका लागि सूचना र ज्ञानमा आधारित कर अनुसन्धानको विशेष भूमिका रहने भएकोले कर्मचारीहरुको दक्षता र क्षमता अभिवृद्धिका लागि सो तालिमको संचालन गरिएको थियो ।

तालिम समापनको अवसरमा विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले प्रशिक्षार्थीहरुलाई बधाई दिदैं आगामी दिनहरुमा थप उर्जावान र लगनशील भई कार्य गर्न निर्देशन दिनुभयो । अनुसन्धानका कार्य विभागबाट निर्देशित अवस्थामा मात्र नभई कार्यालयबाट स्वतः स्फूर्त रुपमा समेत हुनुपर्ने कुरामा जोड दिँदै महानिर्देशक नेपालले करदाताको सम्मान गर्दै उनीहरुको आर्थिक कारोवारको निरन्तर रुपमा सूचना, जानकारी लिन तथा निगरानी गर्न निर्देश समेत गर्नु भयो ।

त्यसैगरी उपमहानिर्देशक यज्ञ प्रसाद ढुंगेलले सूचना र तथ्यांकको प्राप्ति र तिनको सही उपयोगमा केन्द्रित रहँदै कर परीक्षण तथा अनुसन्धानका कार्यलाई गुणस्तरीय बनाउन सहभागीहरुलाई आग्रह गर्नुभयो । राजस्व चुहावटका क्षेत्रहरुमा विशेष निगरानी बढाउनु पर्ने आवश्यकता औंल्याउनुहुँदै उहाँले Capital Gain Tax, Tax Deduction at Source (TDS) लगायतका क्षेत्रमा थप सक्रिय भई कर परीक्षण तथा अनुसन्धान गर्न आग्रह गर्नुभयो ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

**विद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४ सम्बन्धी सूचना**

**बिद्युतिय विजक सम्बन्धी कार्यविधि, २०७४ मा भएको प्रमाणिकरण सम्बन्धी व्यवस्था परिवर्तन गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। संशोधित कार्यविधि विभागको वेब साइटमा राखिएको ब्यहोरा समेत अनुरोध छ।**

# नियन्त्रणमा परिवर्तन सम्बन्धी तालिम सम्पन्न



आन्तरिक राजस्व विभागद्वारा GIZ Revenue Administration Support (RAS) Project को सहयोगमा नियन्त्रणमा परिवर्तन (Change in Control) सम्बन्धी तीन (३) दिने तालिम सम्पन्न गरेको छ। मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर अधिकृत तथा कर अधिकृतहरुका लागि लक्षित गरी सोही कार्यालयको सभाहलमा संचालन गरिएको उक्त तालिम कार्यक्रममा सो कार्यालयका सम्पूर्ण प्रमुख कर अधिकृत तथा कर अधिकृतहरुको सहभागिता रहेको थियो । मिति २०७५ माघ १६ देखि १८ गतेसम्म संचालित उक्त तालिममा विशेष गरी आयकर ऐन, २०५८ को दफा ५७ र यससँग सम्बन्धित विभिन्न पक्षका बारेमा सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरु संचालन गरिएको थियो ।

## राजस्व संकलनमा ...

शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु. ११४ अर्व ४६ करोड लक्ष्य रहेकोमा रु. ९८ अर्व ८ करोड संकलन भई लक्ष्यको तुलनामा ८५.५२ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु. ५५ अर्व २ करोड लक्ष्यमा रु. ४५ अर्व ८८ करोड संकलन अर्थात लक्ष्यको ८३.१९ प्रतिशत संकलन भएको छ । अन्त:शुल्कमा रु. ३८ अर्व ९१ करोड संकलन भएको छ जुन रु. ३८ अर्व ७१ करोड लक्ष्यको १००.५० प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु.४५ करोड लक्ष्यमा रु. ७० करोड संकलन भई लक्ष्यको तुलनामा १५५.६३ प्रतिशत संकलन भएको छ ।

रू. हजारमा

| शीर्षक | २०७५।७६ को माघसम्म | | | गत वर्षको यस अवधिसम्मको प्रगति | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | | |
| आयकर | १०२९३१२४३ | ८३३२०२४२ | ८०.९५ | ६७८६९०१९ | २२.७७ |
| वहालकर | ० | १९३१५०६ | | २६८७२५६ | |
| व्याजकर | ११७६११७७ | १२८२८९३९ | १०९.०८ | ९८०५४०३ | ३०.८४ |
| आयकर जम्मा | ११४६९२४२० | ९८०८०६८७ | ८५.५२ | ८०३६१६७८ | २२.०५ |
| मूल्य अभिवृद्धि कर | ५५०२५०२९ | ४५७७३०१५ | ८३.१९ | ४०७७४९३३ | १२.२६ |
| अन्त:शुल्क | ३८७१७४७६ | ३८९११८८४ | १००.५० | ३०००८१७६ | २९.६७ |
| स्वास्थ्य सेवा शुल्क | ० | १३७५६६८ | | ६४८१०३ | ११२.२६ |
| शिक्षा सेवा शुल्क | ४५२३५६ | ७०४००१ | १५५.६३ | ४९४९३३ | ४२.२४ |
| **जम्मा** | **२०८८७२८१** | **१८४८४५२५५** | **८८.४९** | **१५२२८७८२३** | **२१.३८** |

# मध्यमस्तरीय करदाता कार्यालयद्वारा करदाता शिक्षा कार्यक्रम संचालन



मध्यमस्तरीय करदाता कार्यालयबाट काठमाडौं उपत्यका बाहिरका करदाताको कारोबार स्थलमा पुगी करदाता शिक्षा तथा अन्तरक्रिया गर्ने कार्यक्रम अन्तर्गत मिति २०७५/१०/०८ मा इलाम र झापा जिल्लामा रहेका करदाताको लागि भद्रपुर उद्योग बाणिज्य संघको सभा हलमा र २०७५/१०/१० मा मोरङ्ग जिल्लामा रहेका करदाताको लागि उद्योग संगठन मोरङ्गको हलमा कार्यक्रम संचालन भयो । मूल्य अभिवृद्धि कर ऐन, २०५२ र आयकर ऐन, २०५८ बमोजिम करदाता दर्ता, कर विवरण बुझाउने, e-TDS विवरण बुझाउने, कर राजस्वको भुक्तानी, e-payment तथा रु. ३५ करोड भन्दा बढीको कारोवार गर्ने करदाताले विद्युतीय माध्यमबाट बीजक जारी गर्नुपर्ने व्यवस्था लगायतका विषयमा प्रस्तुतीकरण तथा छलफल भयो । कार्यालयका प्रमुख कर अधिकृत हरि प्रसाद तिमिल्सिनाले प्रस्तुतीकरण गर्नुभएको कार्यक्रममा कर सम्बन्धी विविध विषयमा करदाताबाट उठेका जिज्ञासाहरूको समेत संबोधन गर्नुभयो । दुवै कार्यक्रममा करदाता तथा करदाताका प्रतिनिधिहरुको उल्लेख्य संख्यामा सहभागिता रहेको थियो ।

## विद्युतीय विजक सम्वन्धी

मुल्य अभिवृद्धि कर ऐन, २०५२ (सं.स.) को दफा १४ क को उपदफा (२) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१ को उपदफा (४) मा भएको व्यवस्था अनुसार रु. पैतीस करोडभन्दा वढी कारोवार हुने करदाताले २०७५ चैत्र मसान्तभित्र अनिवार्य रुपमा आफुले गर्ने कारोवारमा विद्युतीय माध्यमवाट विजक जारी गर्नु हुन तथा विद्युतीय विजक सम्वन्धी कार्यविधि, २०७४ जारी हुनु अघि कम्प्युटर माध्यमवाट विजक जारी गर्न स्वीकृति लिएका व्यक्तिहरुले समेत विद्युतीय विजक सम्वन्धी कार्यविधि, २०७४ वमोजिमका मापदण्डहरु पूरा गरी पुनः अनुमति लिनुपर्ने समयावधि २०७५ चैत्र मसान्त भित्र तोकिएकोले सो अवधिभित्र विभागको Central Billing Monitoring System (CBMS) संग आवद्ध हुने गरी Software अध्यावधिक गरी विभागमा सुचिकृत गरी सक्नु हुन जानकारी गराइन्छ ।

# आन्तरिक राजस्व कार्यालय ललितपुर-२

**पृष्ठभूमिः**

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०३।२० को निर्णयबाट आन्तरिक राजस्व विभाग अन्तरगतका कार्यालयहरुको संगठन संरचना र दरबन्दी स्वीकृत भएको हो । सोही अनुरुप ललितपुर जिल्लामा आन्तरिक राजस्व कार्यालय एउटा मात्र रहेको र करदाताहरुको चाप बढ्दै गएको सन्दर्भमा करदाताहरुलाई सेवा प्रवाहमा थप सुविधा प्रदान गर्ने उद्देश्यका साथ नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०४।१८ को निर्णयबाट कार्यक्षेत्र समेत तोकी आन्तरिक राजस्व कार्यालय, ललितपुर-२ स्थापना गर्ने निर्णय भएको हो। सोही अनुरुप ललितपुर जिल्लामा थप एक नयाँ कार्यालय स्थापना भई मिति २०७५।१०।०१ गतेदेखि सो कार्यालयबाट सेवा प्रवाह भइरहेको छ ।

**अवस्थितिः**

आन्तरिक राजस्व कार्यालय ललितपुर-२, ललितपुर जिल्लाको ललितपुर महानगरपालिका वडा नं. ५ अन्तरगत लगनखेलमा अवस्थित कर्मचारी संचय कोष लगनखेल भवन (साझा भवन) को पाँचौं तल्लामा रहेको छ ।

**कार्यक्षेत्रः**


आन्तरिक राजस्व कार्यालय ललितपुर-२, को कार्यक्षेत्रमा ललितपुर महानगरपालिका अन्तर्गतका वडा नं. ६, ७,८, ९, १२, १४, १५, १६, १७, २३, २४, २६, २७, २८ र २९ समेत १५ वटा वडाहरु, महालक्ष्मी नगरपालिका र गोदावरी नगरपालिका समेत दुईवटा नगरपालिका तथा कोन्ज्योसोम गाउँपालिका, बागमती गाउँपालिका र महाङ्काल गाउँपालिका समेत तीनवटा गाउँपालिका रहेको छ। उल्लिखित क्षेत्रमा रहेका करदाताहरुमध्ये वार्षिक ४० करोडसम्म कारोबार गर्ने



करदाताहरु यस कार्यालयको कार्यक्षेत्र भित्र पर्दछन् ।

**संगठन संरचनाः**

आन्तरिक राजस्व कार्यालय ललितपुर-२, मा कर्मचारी दरबन्दी संख्या ३० रहेको र सोको संगठन संरचना निम्नानुसार रहेको छ ।




**राजस्व असुलीको लागि लक्ष्यः**

आन्तरिक राजस्व कार्यालय ललितपुर- २, मिति २०७५ माघ १ गतेदेखि मात्रै कार्य सञ्चालनमा आएकोले माघ महिनादेखि २०७६ आषाढ महिनासम्म आयकर तर्फ रु. ८१ करोड ६६ लाख ८४ हजार, मूल्य अभिबृद्धि करतर्फ रु. ५८ करोड ३८ लाख ९८ हजार र अन्तःशुल्कतर्फ रु. २३ करोड २९ लाख २५ हजार गरी जम्मा रु. १ अर्व ६३ करोड ३५ लाख ७ हजारको लक्ष्य रहेको छ ।

**करदाताको दर्ता अवस्थाः**

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत हालसम्म जम्मा करदाता संख्या २४,५२० रहेको र ती करदाताहरु मध्ये मूल्य अभिबृद्धि करमा समेत दर्ता भएका करदाताहरुको संख्या ५,५११ रहेको छ । महानगर क्षेत्रका १५ वटा वडा, दुई नगरपालिका र तीन गाउँपालिका समेत फराकिलो कार्यक्षेत्रमा कारोवार विस्तार हुँदै गएकोले करदाताहरुको दर्ता संख्या बढ्दो क्रममा रहेको छ ।

---

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

## कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्ने सम्बन्धी सूचना

एक करोड रुपैयाँ भन्दा बढी मूल्यको सवारी साधनको खरिदकर्ताले त्यस्तो सवारी साधन नामसारी गराउँदा अनिवार्य रुपमा कर चुक्ता प्रमाण पत्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पेश गर्नु पर्ने व्यहोरा मिति २०७५।०४।०४ को निर्णयानुसार सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ।

# विषयः स्थायी संस्थापन (PE) दर्ता सम्बन्धमा ।

मितिः २०७५/१०/०२

श्री ठूला करदाता कार्यालय, हरिहरभवन ।

श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल ।

श्री आन्तरिक राजस्व कार्यालयहरु, सबै ।

श्री करदाता सेवा कार्यालय, सबै ।

ठूला करदाता कार्यालयको मिति २०७५।०५।०८ र मिति २०७५/०६/२१ को पत्रबाट स्थायी संस्थापनको रुपमा कार्यरत प्राविधिक सेवा वा परामर्शदाताले सेवा उपलब्ध गराइसकेकाको सम्बन्धमा स्थायी लेखा नम्बर लिने र आयविवरण बुझाउने सम्बन्धमा द्विविधा भएको विषय निर्णयार्थ पेश हुँदा बिगतमा सेवा उपलब्ध गराई बाहिरी सकेका र तत्काल नेपा(लमा कुनै सेवा उपलब्ध नगराउने र काम सकिसकेका स्थायी संस्थापनले सो सेवा उपलब्ध गराएको अवधिको कर तिर्नको लागि स्थायी लेखा नम्बर नलिएको भए लिन नपर्ने र यस्तो कारोवार जुन कम्पनी वा फर्ममा सेवा उपलब्ध गराएको छ सो फर्म वा कम्पनी दर्ता रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा सो कारोबारको म्यानुअल आय विवरण बुझ्ने र बुझाउने व्यवस्था गर्नको लागि परिपत्र गर्ने भनी मिति २०७५/०९/३० मा निर्णय भएको व्यहोरा अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

## मोबाइलको रिचार्ज कार्ड विक्री सम्बन्धी सूचना

मोबाइलको रिचार्ज कार्डको कारोवार गर्नेले अनिवार्य रुपमा स्थायी लेखा नम्वर लिएर कारोवार गर्नुपर्ने र कर लाग्ने वस्तुको हकमा वार्षिक पचास लाख भन्दा बढीको र सेवाको हकमा वार्षिक वीस लाख भन्दा बढीको कारोवार गर्नेले मूल्य अभिवृद्धि कर समेतमा दर्ता भएर कारोवार गर्नुपर्ने कानूनी व्यवस्था भएको अवस्थामा आफू अन्तर्गतका डिलर/सवडिलरले रिचार्ज कार्ड विक्री गर्दा स्थायी लेखा नम्वर भएका करदातालाई अन्तिम उपभोक्ता मूल्य (MRP) उल्लेख गरी मू.अ.कर ऐन, २०५२ को दफा (१२) को उपदफा (३) बमोजिम दिने डिस्काउण्ट घटाएर मू.अ.कर ऐन, २०५२ को दफा ५ को उपदफा (२) वमोजिम कायम हुने कर लाग्ने मूल्यमा मू.अ.कर बीजक जारी गरी गर्न र डिलर/सवडिलरले स्थायी लेखा नम्वर नभएका खरिदकर्तालाई विक्री गरेको अवस्थामा भने कर विजक जारी गर्दा तोकिएको उपभोक्ता मूल्य कायम हुने गरी गर्न मू.अ.कर ऐन, २०५२ को दफा १४ को उपदफा (६) बमोजिम तोकिएको छ ।साथै आफू अन्तर्गतका डिलर/सवडिलरसँग सम्झौता गर्दा वा कारोवार गर्दा सोही अनुसार गर्ने/गराउने र यस्तो कर बीजकमा दिएको छुट रकममा अग्रिम कर कट्टी गर्नु नपर्ने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरूको कार्यक्षेत्र

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०३।२० को निर्णयबाट आन्तरिक राजस्व विभाग अन्तरगतका कार्यालयहरुको संगठन संरचना र दरवन्दी स्वीकृत भएको छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०४।१८ को निर्णय अनुसार कार्यक्षेत्र समेत देहाय बमोजिम तोकिएको छ।

| सि.नं | कार्यालयको नाम | कार्यालयको कार्यक्षेत्र |
|---|---|---|
| १ | ठूला करदाता कार्यालय | नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेका करदाताहरुको वार्षिक कारोवारका आधारमा नेपाल राज्यभरी। |
| २ | मध्यमस्तरीय करदाता कार्यालय | नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेका करदाताहरुको वार्षिक कारोवारका आधारमा नेपाल राज्यभरी। |
| ३ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | ताप्लेजुङ, पाँचथर, इलाम जिल्ला र झापा जिल्लाको मेचीनगर नगरपालिका, कन्काई नगरपालिका, भद्रपुर नगरपालिका, अर्जुनधारा नगरपालिका, विर्तामोड नगरपालिका, बाह्रदशी गाउँपालिका, झापा गाउँपालिका, बुद्धशान्ती गाउँपालिका, हल्दिवारी गाउँपालिका, र केचनाकवल गाउँपालिका। |
| ४ | आन्तरिक राजस्व कार्यालय, दमक | झापा जिल्लाको दमक नगरपालिका, शिवसताक्षी नगरपालिका, गौरादह नगरपालिका, कमल गाउँपालिका र गौरीगञ्ज गाउँपालिका। |
| ५ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | मोरङ्ग जिल्ला। |
| ६ | आन्तरिक राजस्व कार्यालय, धरान | धनकुटा, भोजपुर, संखुवासभा, तेह्रथुम र सुनसरी जिल्ला। |
| ७ | आन्तरिक राजस्व कार्यालय, लाहान | सप्तरी, सिराहा, उदयपुर, ओखलढुङ्गा, खोटाङ् र सोलुखुम्बु जिल्ला। |
| ८ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | सिन्धुली, सर्लाही, धनुषा र महोत्तरी जिल्ला। |
| ९ | आन्तरिक राजस्व कार्यालय, सिमरा | रौतहट र बारा जिल्ला। |
| १० | आन्तरिक राजस्व कार्यालय, वीरगञ्ज | पर्सा जिल्ला। |
| ११ | आन्तरिक राजस्व कार्यालय, धुलिखेल | काभ्रेपलाञ्चोक, रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्ला। |
| १२ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | भक्तपुर जिल्ला। |
| १३ | आन्तरिक राजस्व कार्यालय, ललितपुर १ | ललितपुर महानगरपालिका वडा नं १,२,३,४,५, १०,११,१३,१८,१९,२०,२१,२२ र २५। |
| १४ | आन्तरिक राजस्व कार्यालय, ललितपुर २ | ललितपुर महानगरपालिका वडा नं ६, ७, ८, ९, १२, १४, १५, १६, १७, २३,२४,२६, २७, २८ र २९ तथा गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका, कोन्ज्योसोम गाउँपालिका, वाग्मती गाउँपालिका र महाङ्काल गाउँपालिका। |
| १५ | आन्तरिक राजस्व कार्यालय, हेटौंडा | मकवानपुर जिल्ला। |
| १६ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | नवलपुर र चितवन जिल्ला। |
| १७ | आन्तरिक राजस्व कार्यालय, दमौली | तनहु, गोरखा, लम्जुङ र मनाङ जिल्ला। |
| १८ | आन्तरिक राजस्व कार्यालय, वाग्लुङ | वाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ। |
| १९ | आन्तरिक राजस्व कार्यालय, पोखरा | स्याङ्जा र कास्की जिल्ला। |
| २० | आन्तरिक राजस्व कार्यालय, भैरहवा | रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिकाको वडा नं ५ देखि १७ सम्म, देवदह नगरपालिकाको वडा नं १ देखि ४ र वडा नं ११ र १२, लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा गाउँपालिका, कञ्चन गाउँपालिका, कोटहीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, मायादेवी गाउँपालिका, ओमसतिया गाउँपालिका, रोहिणी गाउँपालिका, रोहिणी गाउँपालिका, सम्मरीमाई गाउँपालिका, सियारी गाउँपालिका र शुद्धोधन गाउँपालिका र नवलपरासी जिल्लाको रामग्राम नगरपालिका, सुस्ता गाउँपालिका, पाल्हीनन्दन गाउँपालिका, प्रतापपुर गाउँपालिका, सरावल गाउँपालिका। |
| २१ | आन्तरिक राजस्व कार्यालय, वुटवल | पाल्पा, गुल्मी जिल्ला, रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका, देवदह नगरपालिकाको वडा नं ५ देखि १०, सैनामैना नगरपालिका तथा तिलोत्तमा नगरपालिकाको वडा नं १ देखि ४ सम्म कञ्चन गाउँपालिका र शुद्धोधन नगरपालिका तथा नवलपरासी जिल्लाको सुनवल नगरपालिका तथा बर्दघाट नगरपालिका। |
| २२ | आन्तरिक राजस्व कार्यालय, कष्णनगर | कपिलवस्तु र अर्घाखाँची जिल्ला। |
| २३ | आन्तरिक राजस्व कार्यालय, दाङ | दाङ, रोल्पा, रुकुम पूर्व, रुकुम पश्चिम, सल्यान र प्यूठान जिल्ला। |
| २४ | आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज | बाँके र वर्दिया जिल्ला। |
| २५ | आन्तरिक राजस्व कार्यालय,सुर्खेत | सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, मुगु, कालिकोट, जुम्ला र हुम्ला जिल्ला। |
| २६ | आन्तरिक राजस्व कार्यालय, धनगढी | डोटी, अछाम, बाजुरा, बझाङ् र कैलाली जिल्ला। |
| २७ | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर | दार्चुला, डडेल्धुरा, बैतडी र कञ्चनपुर जिल्ला। |
| २८ | आन्तरिक राजस्व कार्यालय, नयाँसडक | काठमाडौं महानगरपालिका वडा नं १९, २२, २३ र २४। |
| २९ | आन्तरिक राजस्व कार्यालय, पुतलीसडक | काठमाडौं महानगरपालिका वडा नं १, २८ र २९। |

| | | |
|---|---|---|
| ३० | आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर | काठमाडौं महानगरपालिका वडा नं ११, १२,२० र २१ । |
| ३१ | आन्तरिक राजस्व कार्यालय, महाराजगञ्ज | काठमाडौं महानगरपालिका वडा नं ३, २६, टोखा नगरपालिका वडा नं १ देखि ७ र बुढानिलकण्ठ नगरपालिका वडा नं १ देखि ७। |
| ३२ | आन्तरिक राजस्व कार्यालय, बालाजु | काठमाडौं महानगरपालिका वडा नं १६,तारकेश्वर नगरपालिका, टोखा नगरपालिका वडा नं ८ देखि ११ र रसुवा जिल्ला । |
| ३३ | आन्तरिक राजस्व कार्यालय, टंगाल | काठमाडौं महानगरपालिका वडा नं २, ४ र ५ । |
| ३४ | आन्तरिक राजस्व कार्यालय, ठमेल | काठमाडौं महानगरपालिका वडा नं १७, १८, २५ र २७ |
| ३५ | आन्तरिक राजस्व कार्यालय, चावहिल | काठमाडौं महानगरपालिका वडा नं ६, ७ गोकर्णेश्वर नगरपालिका, बूढानिलकण्ठ नगरपालिका वडा नं ८ देखि १३, शंखरापुर नगरपालिका र कागेश्वरी मनहरा नगरपालिका वडा नं १ देखि ६ । |
| ३६ | आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली | काठमाडौं महानगरपालिका वडा न ८, ९ र ३० । |
| ३७ | आन्तरिक राजस्व कार्यालय, बानेश्वर | काठमाडौं महानगरपालिका वडा नं १० र ३१ । |
| ३८ | आन्तरिक राजस्व कार्यालय, कोटेश्वर | काठमाडौं महानगरपालिका वडा न ३२ र कागेश्वरी मनहरा नगरपालिका वडा नं ७ देखि ९ । |
| ३९ | आन्तरिक राजस्व कार्यालय, कालिमाटी | काठमाडौं महानगरपालिका वडा नं १३, १४, दक्षिणकाली नगरपालिका र कीर्तिपुर नगरपालिका । |
| ४० | आन्तरिक राजस्व कार्यालय, कलंकी | काठमाडौं महानगरपालिका वडा नं १५, नागार्जुन नगरपालिका, चन्द्रगिरी नगरपालिका तथा धादिङ र नुवाकोट जिल्ला |

## करदाता सेवा कार्यालयहरू

| सि.नं | कार्यालयको नाम | कार्यालयको कार्यक्षेत्र | तालुक आन्तरिक राजस्व कार्यालय |
|---|---|---|---|
| १ | करदाता सेवा कार्यालय, इलाम | इलाम जिल्ला । | आन्तरिक राजस्व कार्यालय, भद्रपुर । |
| २ | करदाता सेवा कार्यालय, फिदिम | ताप्लेजुङ र पाँचथर जिल्ला । | आन्तरिक राजस्व कार्यालय, भद्रपुर । |
| ३ | करदाता सेवा कार्यालय, खाँदवारी | संखुवासभा जिल्ला । | आन्तरिक राजस्व कार्यालय, धरान । |
| ४ | करदाता सेवा कार्यालय, धनकुटा | भोजपुर, तेह्रथुम र धनकुटा जिल्ला । | आन्तरिक राजस्व कार्यालय, धरान । |
| ५ | करदाता सेवा कार्यालय, इटहरी | सुनसरी जिल्लाको इटहरी उप- महानगरपालिका,बराह नगरपालिकाका वडा नं ८ देखि ११, इनरुवा नगरपालिका, दुहवी नगरपालिका, रामधुनी नगरपालिका, देवानगञ्ज गाउँपालिका, कोशी गाउँपालिका, गढी गाउँपालिका, बर्जु गाउँपालिका, भोक्राहा गाउँपालिका र हरिनगरा गाउँपालिका । | आन्तरिक राजस्व कार्यालय, धरान । |
| ६ | करदाता सेवा कार्यालय, विराटचोक | मोरङ जिल्लाको बेलवारी नगरपालिका, लेटाङ नगरपालिका, पथरी शनिश्चरे नगरपालिका, उर्लावारी नगरपालिका, सुन्दर हरैचा नगरपालिका, कानेपोखरी गाउँपालिका, केराबारी गाउँपालिका र मिक्लाजुङ गाउँपालिका । | आन्तरिक राजस्व कार्यालय, विराटनगर |
| ७ | करदाता सेवा कार्यालय, उदयपुर | उदयपुर, ओखलढुङ्गा, खोटाङ् जिल्ला र सोलुखुम्बु जिल्लाको खुम्बुपासाङल्हामु गाउँपालिका बाहेकको क्षेत्र । | आन्तरिक राजस्व कार्यालय, लाहान । |
| ८ | करदाता सेवा कार्यालय, लुक्ला | सोलुखुम्बु जिल्लाको खुम्बुपासाङल्हामु गाउँपालिका । | आन्तरिक राजस्व कार्यालय, लाहान । |
| ९ | करदाता सेवा कार्यालय, राजविराज | सप्तरी जिल्ला । | आन्तरिक राजस्व कार्यालय, लाहान । |
| १० | करदाता सेवा कार्यालय, बर्दिवास | महोत्तरी जिल्लाको वर्दिवास नगरपालिका र गौशला नगरपालिका, धनुषा जिल्लाको मिथिला नगरपालिका र सिन्धुली जिल्ला । | आन्तरिक राजस्व कार्यालय, जनकपुर । |
| ११ | करदाता सेवा कार्यालय, मलङ्गवा | सर्लाही जिल्ला । | आन्तरिक राजस्व कार्यालय, जनकपुर । |
| १२ | करदाता सेवा कार्यालय, गौर | रौतहट जिल्ला । | आन्तरिक राजस्व कार्यालय,सिमरा । |
| १३ | करदाता सेवा कार्यालय, कावासोती | नवलपुर जिल्ला । | आन्तरिक कार्यालय, राजस्व भरतपुर । |
| १४ | करदाता सेवा कार्यालय, पाल्पा | पाल्पा र गुल्मी जिल्ला । | आन्तरिक राजस्व कार्यालय, बुटवल । |
| १५ | करदाता सेवा कार्यालय, जुम्ला | जुम्ला, मुगु र कालिकोट जिल्ला । | आन्तरिक राजस्व कार्यालय, सुर्खेत |
| १६ | करदाता सेवा कार्यालय, डडेलधुरा | डडेलधुरा, दार्चुला र बैतडी जिल्ला । | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर |
| १७ | करदाता सेवा कार्यालय, लम्की | कैलाली जिल्लाको टिकापुर, भजनी, जानकी, जोशीपुर बर्दगोरिया गाउँपालिका, मोहन्याल गाउँपालिका, घोडाघोडी नगरपालिका र लम्कीचुहा नगरपालिका । | आन्तरिक राजस्व कार्यालय, धनगढी । |
| १८ | करदाता सेवा कार्यालय, गल्छी | धादिङ र नुवाकोट जिल्ला | आन्तरिक राजस्व कार्यालय, कलंकी । |
| १९ | करदाता सेवा कार्यालय, दिक्तेल | खोटाङ जिल्ला | आन्तरिक राजस्व कार्यालय, लाहान |

नेपाल सरकार

# अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने तरिका

| सि.नं. | के गर्ने | कहाँबाट गर्ने |
|---|---|---|
| १. | www.ird.gov.np मा जाने | Inland Revenue Department (NP) \| https://ird.gov.np |
| २. | Taxpayer portal मा क्लिक गर्ने | Services / Taxpayer Portal |
| ३. | General लाई Expand गरी Taxpayer Login मा क्लिक गर्ने | General / Taxpayer Login |
| ४. | Taxpayer Login गर्न आवश्यक User Credential प्रयोग गरी login गर्ने | स्थायी लेखा नम्बर : 303766436<br>प्रयोगकर्ताको नाम : 303766436<br>पासवर्ड : •••••••<br>Login Cancel |
| ५. | Proceed To Payment मा क्लिक गर्ने | Transactions \| ATR \| Proceed To Payment |
| ६. | राजस्व दाखिला गर्ने कार्यालयको सम्बन्धित बैंक छनौट गर्ने | रकम जम्मा हुने बैंक छान्नुहोस * : Everest Bank [11009] |
| ७. | दाखिला गर्ने राजस्व आयकरको किसिम छनौंट गर्ने | सि.न. / करको प्रकार<br>1 / आय कर |
| ८. | राजस्व शीर्षक छनौंट गर्ने | राजस्व शीर्षक<br>11123 ( आय कर - प्रा. लि |
| ९. | के वापतको भुक्तानी हो सो छनौंट गर्ने | बापत<br>अग्रीम कर कट्टी |
| १०. | दाखिला गर्ने रकम उल्लेख गर्ने | राजस्व रकम<br>100000 |
| ११. | आय वर्ष छनौट गर्ने | आर्थिक बर्ष<br>2075/076 |
| १२. | आयकर भए टिडिएस हो वा होइन अप्सन छनौट गर्ने | कैफियत<br>टि. डि. एस. छान्नुहोस<br>हो |
| १३. | Generate Transaction Code मा क्लिक गर्ने | GENERATE TRANSACTION CODE |
| १४. | यसरी तयार भएको भौचर प्रिन्ट गरी बैंकमा गई राजस्व दाखिला गर्ने (नगद वा चेक मार्फत भुक्तानी गर्नेको हकमा मात्र) | |
| १५. | विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने Make Payment मा क्लिक गर्ने | Make payment |
| १६. | उपलब्ध Payment Processor को छनौट गर्ने, (हाललाई ConnectIPS) | रकम भुक्तानीको बिकल्पहरु<br>connect IPS<br>रकम भुक्तानी गर्नुहोस क्यान्सल गर्नुहोस् |
| १७. | ConnectIPS मा Login गर्ने | Username<br>Type the characters in the image<br>Return Sign In |
| १८. | दाखिला गर्ने राजस्व रकमको पुन रुजु गर्ने | |
| १९. | कुन बैकबाट रकम कट्टा हुने हो सो बैंक छनौट गरी Submit मा क्लिक गर्ने | ACCOUNT DETAILS<br>Debit Account : ramesh.subedi - 0[redacted]<br>Submit |
| २०. | NCHLले उपलब्ध गराएको OTP (One Time Password) टाइप गरी Ok गर्ने | PASSWORD<br>One Time Password [One Time Password] Re-generate |
| २१. | अब तपाईको भुक्तानी सफल भयो भनेर Debit Success को Page देखा पर्दछ। | STATUS : SUCCESS |
| २२. | यसरी Debit Success भएको कारोबारको राजस्व दाखिला महालेखा नियन्त्रक कार्यालयको नाममा भएको बैंकको खातामा जम्मा भएपछि राजस्व दाखिलाको Credit Success Status देखा पर्दछ। सो को लागि हाललाई करिब ५ मिनेट समय लाग्दछ) | |
| आफुले दाखिला गर्न चाहेको कर विवरणहरु मूल्य अभिबृद्धि करको मासिक कर विवरण, आयकर तर्फको (जस्तै अनुमानित आय विवरण, D-01,D-02, D-03, D-04, विवरणहरु) अन्त: शुल्क तर्फको इजाजत थप तथा नविकरण आदी विवरणको फारामहरु भरी दाखिला गर्दा Submit Button or Finalized Button मा क्लिक गरी माथी उल्लेख भए अनुसारको विधिहरु प्रयोग गरी विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न सकिन्छ। | | |


**प्रकाशक**

आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९

Email: taxbulletin@ird.gov.np

website: www.ird.gov.np

**संरक्षक**

विष्णुप्रसाद नेपाल

**सल्लाहकार**

बलराम रिज्याल

यज्ञ प्रसाद ढुङ्गेल

प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**

सम्झना बराल ढकाल

सुनिल कुमार यादव

काशिनाथ भट्टराई

राजु प्रसाद प्याकुरेल

रेणुका पोखरेल




कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं।